तमू (गुरुङ) सांस्कृतिक मञ्च युकेको चौथो वार्षिक साधारण सभाको टिपोट प्रतिवेदन Sunday, 08 May 2022:




गत मिति ८ में आइतबारको दिन अल्डरशट स्थित हाइस्ट्रिटको एमपाएर हलमा तमू (गुरुङ) सांस्कृतिक मञ्च युकेको चौथो वार्षिक साधारण सभा सम्पन्न भयो। उक्त सभामा धन्दै १५६ जना उपस्थित भएको थियो भने, फोरमको निर्देशक श्री क्या. राजु लेम तमूको सभापतित्वमा र फोरमको सह-संरक्षक प्रा. श्री नारायण लेहंगे तमूको प्रमुख आतिथ्यमा बसेको थियो भने फोरम कै सह-निर्देशक श्री हरि टुट-लेम तमूले सञ्चालन गरेका थिए। कार्यक्रमको प्रमुख अतिथि प्रा. श्री नारायण लेहँगे तमू विशेष कारणले भौतिक रूपले उपस्थित हुन असमर्थ भएकोले भरच्युल जुम मार्फत जोडिनु भएको थियो । कार्यक्रमको विशेष अतिथिहरुमा तमु धी युकेको अध्यक्ष श्री हित काजी तमू, तमु प्ये ल्हु संघ युकेको अध्यक्ष श्री रण बहादुर टु-क्लेह्प्री तमू र गैर आवासिय नेपाली संघ युकेकी निवर्तमान अध्यक्ष श्रीमति पुनम तमुस्यो रहनु भएको थियो भने पुनम तमुस्यो विशेष कारणले उपस्थित हुन सक्नु भएन । मञ्चमा आसीन अन्य अतिथिहरुमा तमु धी युकेको पूर्व अध्यक्षहरु राम चन्द्र (सूर्य) क्रहोंगी-लाम तमू , ज्ञाम कोने तमू , नन्द जंग लेम तमू , प्ये ल्हु संघ युकेको पूर्व अध्यक्ष श्री सोम त्होर्जे तमू , तमु प्ये ल्हु संघ युकेको पूर्व महासचिव श्री भेगलाल तमु, लेखन समुह ३ को संयोजक संस्कृति विद तथा साहित्यकार श्री एकेन्द्र तमु, घ्याब्री चिव श्री दान बहादुर म्होब्जे-क्लेह्प्री तमू, पच्यु चिब श्री देव बहादुर गर्बजा पच्यू तमू , साथै तमु फोरम युकेको कोषाध्यक्ष, श्री जुम काजी तमु, आदि हुनुहुन्थ्यो भने अन्य उपस्थितिमा फोरममा आवद्ध विभिन्न बुद्धिजीवी व्यक्तित्वहरुको साथै विभिन्न तमु समाजहरुबाट प्रतिनिधित्व गर्दै आउनु भएको सदस्यहरुको साथै अन्य महिला दिदीबहिनीहरु र दाज्यूभाईहरू हुनुहुन्थ्यो र साथै अन्य देशहरूबाट भरच्युअल जुमबाट जोडिनु भएको विशिष्ठ व्यक्तित्वहरू हुनुहुन्थ्यो। उपस्थित सबैजनालाई विधिवत् रूपमा आसन ग्रहण गराउँदै फोरमका सह-निर्देशक श्री हरि टुट-लेम तमूले  छोटो मिठोमा स्वागत मन्तब्य राखेर कार्यक्रम शुभारम्भ गरेका थिए।

कार्यक्रम सञ्चालन गर्नु अगाडि तमु फोरमको रेकर्डको लागि उपस्थित सबै महिला तथा पुरुष सहभागीहरुको फोटो सेसन गराइएका थिए। त्यसपछि कार्य तालिका अनुसार कार्यक्रम सञ्चालन पूर्व नेपालबाट हाल बेलायतमा रहनु भएकी नेपाल आइडल विजेता गायिका एलिना तमुस्यो, हाल सालै सम्पन्न स्थानिय निकाय अन्तर्गतको काउन्सिलर निर्वाचनमा विजय भई निर्वाचित हुनु भएका तमू काउन्सिलरहरुमा कमल पैंगी-लाम तमू र विष्णु गुरुङ विशेष कारणले उपस्थित हुन असमर्थ भएकोले एलिना कोने तमूस्यो र काउन्सिलर लक्ष्य बहादुर कोने तमू लाई फोरमको निर्देशक क्या. राजु लेम तमू र वहाँको धर्मपत्नी श्रीमति केशरी लेम तमूको हातबाट सम्मानित गरियो।  त्यस पश्चात समयको पावान्दितलाई ध्यानमा राखेर केवल तमु राष्ट्रिय मधुर धून सँगै कार्यक्रमहरुलाई अगाडि बढाईएका थिए। त्यस्तै गरि कार्यक्रम विधिवत रूपमा अगाडि बढाउनु पूर्व घ्याब्री चीब श्री दान बहादुर म्होब्जे-क्लेह्प्री तमू र पच्यु चीव श्री देव बहादुर गर्बजा पच्यू तमूले आ आफ्नो प्येमा आधारित प्रार्थना तथा आशीर्वाद मन्त्र वाचन गराउनु भयो र विधिवत रूपमा कार्यक्रमले गति लिएका थिए।  कार्यक्रमको कार्यसूची अनुसार कार्यक्रम संचालक श्री  हरि तमुले गत ५ डिसेम्बर २०२२ को वार्षिक साधारण सम्मेलनको टिपोट प्रतिवेदन वाचन गर्दै सुनाउनु भयो भने त्यस लगत्तै फोरमको कोषाध्यक्ष श्री जुम काजी तमुले ३० अप्रील २०२२ सम्मको आर्थिक प्रतिवेदन अद्यावधि (update) गराउनु भयो। त्यस्तै गरि कोषाध्यक्ष श्री जुम काजी तमुले गत २ अप्रील २०२२ मा नेपालमा सम्पन्न Editorial Board मिटिङ्गको आम्दानी र खर्चको बरेमा र आजकै वार्षिक साधारण सभाको आम्दानी खर्च सम्बन्धी फाँटवारी जानकारी गराइएका थिए । हरहिसाबहरुको फाँटवारीको जानकारी गराए पश्चात फोरमसंग आबद्द सबै गुरुङ समाजहरुमा यो दुई तीन वर्षमा  नेतृत्व कर्ताहरुको धेरै फेरबदल भएकोले त्यसलाई समय सापेक्ष अभिलेख अद्यावधि (update) गरेको थियो र

सम्पुर्ण तमू महानुभावहरुलाई £१०० आर्थिक सहयोग यो वर्ष को ३० नोभेम्बर २०२२ भित्र श्रीमान तथा श्रीमतीको नाम, गाउँ र यूके वा अरु कुन देशमा बस्नु हुन्छ त्यो ठाउंको नाम सहित आफ्नो गुरुङ समाज बाटा तमू फोरम लाई सुचकृत गरि दिनु हुना बिनम्र अनुरोध गर्नु भयो ।

त्यसपछि फोरमका निर्देशक श्री क्या. राजु लेम तमूले गत २ अप्रील २०२२ मा नेपालमा सम्पन्न भएको सम्पादक मण्डल (Editorial Board) बैठकको सरसर्ती समीक्षा गर्नु भयो र सम्पादक मण्डल (Editorial Board) को अन्तिम नामवली प्रस्तुत गर्नु भयो । त्यसपछि मात्र तमु संस्कृति मञ्च अर्थात् के हो, यसको उद्देश्य, यो कहिले देखि शुरू भयो यसले के गर्छ भन्ने ऐतिहासिक पृष्ठभूमि देखि लिएर हाम्रो इतिहास पहिले गोरा विज्ञहरुले लेख्यो त कहिले ब्राहमण विज्ञहरुले लेख्यो। त्यसो हुँदा हामीले हाम्रो वास्तविक इतिहास प्राप्त गर्न सकेनौं । त्यसैले हामी आफै सचेत र सक्षम तमू विज्ञहरु मिलेर लेखौँ भनेर हाम्रो संस्कार संस्कृतिक सम्पदा अर्थात् तमू हेरिटेजलाई तीनवटा भाषामा यो पुस्तक लेख्न लागेको बताए । त्यस्तै गरी यो पुस्तक भित्र के के कुराहरू हुन्छन् र कति जना को को विज्ञहरु मिलेर किताब तयार पारेको हो भन्ने कुरा सबै छरलाङ्ग पार्नु भयो। त्यस्तै गरि पुस्तक सम्पादन गर्ने काम २०२२ को अक्टोबर महिना भित्र सक्ने । त्यस्तै गरि पुस्तकको नेपाली र गुरुङ भाषा सम्बन्धी मिलाउने काम २०२२ को डिसेम्बरको अन्त सम्ममा सक्ने र त्यसपछि अङ्ग्रेजीमा अनुवाद गर्ने काम २०२३ सालको सेप्टेम्बर महिनाको अन्त सम्ममा सम्पन्न गर्ने र यो परियोजना सफल पार्न प्रति घरधुरी १०० पाउण्ड संकलन गर्न सबै तमू समाजहरु तदारुकताका साथ लाग्दै यो परियोजना २०२३ डिसेम्बर महिनाको अन्त सम्ममा सम्पन्न गर्ने भन्ने लक्ष्य रहेको कुरा पनि प्रष्ट्याउनु भयो।

त्यसपछि अरू AOB विषयमा कसैले सशरीर उपस्थित भएर र सशरीर उपस्थित हुन नसकनु हुने सहभागीहरुले भर्च्युअल जुम मार्फत जोडिएर आफ्नो जिज्ञासा राख्ने, र सुझाव र शुभकामना दिने क्रम चल्यो। जसमा हंगकंगबाट क्या. चन्द्र बहादुर क्रोम्छे तमू , नेपालबाट अधिवक्ता क्या. डेम बहादुर योज तमू , श्री प्रेम लेम तमू (दूबो) , त्यस्तै गरि सि. वि. घोताने र भौतिकरुपमा सशरीर उपस्थित भएर जिज्ञासा र सुझाव दिनु हुनेमा मेजर उदय बहादुर ब्ल्होन तमू MBE, राम बाबु कोने तमू, चक बहादुर पैंगी-लम तमू , ई. ज्योतिन्द्र ब्ल्होन तमु र इन्द्र कुमार पैंगी-लम तमू हुनु हुन्थ्यो भने अन्तमा मञ्चमा आसीन व्यक्तित्वहरूमा तमु प्ये ल्हु संघ युकेको अध्यक्ष श्री रण बहादुर टु-क्लेह्प्री तमू , पच्यु चीब देव बहादुर गर्बजा पच्यू तमू , लेखक श्री एकेन्द्र म्हिंगी-लम तमू, तमू धिं यूकेका पूर्व अध्यक्ष श्री नन्दजंग लेम तमू , आदिले मन्तब्य राखेका थिए । मेजर उदय बहादुर ब्ल्होन तमू MBE ज्यूले ब्ल्होन/प्ल्होने भाईहरूको ईतिहास सम्बन्धि अनुसंदन भई रहेको सुजाव दिनु भयो भने इन्द्र कुमार पैंगी-लम तमूज्यूले सोल्जरबोर्ड स्कुल र सोल्जरबोर्ड आस्पतालको समस्थापक मेजर बिर सिंह तमू ( भारती सेना काहुँ डाँडा कास्की ) लाई यस **तमू सम्पदा त्रि-भाषीय पुस्तकमा वहाँको नाम समावेसी** गर्नु पर्ने सुजाव दिनु भयो । समयको पावन्तिको कारण तमु धिं युकेको अध्यक्ष श्री हितकाजी तमू भने अगाडि नै गइ सक्नु भएकोले मन्तब्य दिन भ्याउनु भएन । अन्तमा फोरमको सह-निर्देशक श्री क्या. देवराज ङ्गोप्चे तमू द्वारा कार्यक्रम समापन गर्ने कार्यतालिका रहेतापनि वहाँ नेपालमा भएकोले समयको पावन्तिले गर्दा असमर्थ भई निर्देशक श्री क्या. राजु लेम तमूज्यूले उपस्थित सहभागी सबैलाई धैर्यता साथ बसेर कार्यक्रम सभ्य र भव्य रूपमा सफल पर्न मद्धत पुर्याउनु भएकोमा सबैलाई धन्यवाद दिँदै यस तमू सम्पदा त्रि-भाषीय पुस्तक प्रकाशन तमू – गुरुङ सँस्कृतिको जगेर्णा गर्ने अभियानको प्रोजेक्ट भयको हुनाले प्रोजेक्टलाई सफल पार्नको लागि सम्पुर्ण तमू महानुभावहरुलाई £१०० आर्थिक सहयोग गरि दिनु हुना साथै योगदानको लागि यस तमू (गुरुङ) सांस्कृतिक मञ्च युके हार्दिक आभार व्येकता गर्दै र आउदो दीनमापनि यहाँहरूको सहयोगको अपेछ्या राख्द छ भन्दै पहिलो ड्राफ्ट आउदो ११ डिसेम्बर २०२२ सकिने आपेछ्या राख्दै त्यस अनुसार बैठक बोलाउने सुजाव राख्दै विधिवत रूपमा समापन गर्नु भयो र अन्तमा गायिका एलिना गुरुङ को गायन प्रस्तुति सँगै चौथो वार्षिक साधारण सभाको अन्त भएको थियो । ग्यसजे । जय तमूमै, जय तमू फोरम युके ।

*Yours Sincerely,* **Dated:** 14 June 2022

कार्यक्रम टिपोट कर्ता:
*(Signed)*
श्री नारायण सिंह कोने तमू B.A Hon
प्रवक्ता साथै सह-लेखक बोर्ड ३, तमू फोरम यूके

अनुमोदक्:
*(Signed)*
क्याप्टेन श्री राजु लेम तमू
निर्देशक, तमू फोरम यूके

**E-Mail:** projectadmin@tamuculturalforum.org.uk
**Visit Website:** www.tamuculturalforum.org.uk

**Annex A –** Forum AGM 8 December 2022 Photonews and
Annex B - Final Name of Forum Editorial Board attached with this AGM Minutes see below:

**Distribution:** By Electronic mail to all Tamu Org Leaders, Executive, Editorial Team, Advisers and Board members/Tamumei.

**Annex - A**


WELCOME
WELCOME TO
GURUNG (TAMU) CULTURE FORUM-UK
ANNUAL GENERAL MEETING (AGM)
ON SUNDAY 8 MAY 2022 AT 11:30 HRS (GMT) &
ZOOM VIRTUAL FOR OUTSIDE UK 6:00 PM (NEPALI TIME)


WELCOME TO
GURUNG (TAMU) CULTURE FORUM-UK
ANNUAL GENERAL MEETING (AGM)
ON SUNDAY 8 MAY 2022 AT 11:30 HRS (GMT) &
ZOOM VIRTUAL FOR OUTSIDE UK 6:00 PM (NEPALI TIME)


WEL COME TO
Tara D. Gurung






Tara D. Gurung

The editorial team has been carefully chosen in consultation with the Patron Asst. Patron and Executive team of Tamu Forum-UK and comprise of Tamu Scholars who bring wide array of knowledge and experience in Tamu culture, history and lifestyle. It is expected that the Editorial Board will discuss, edit and finalise the manuscript of the Tamu Heritage book in consultation with the respective authors for review by the Patron before the manuscript is passed on to the English translator team prior to the publisher. **Led by -** Dr. Tek Bahadur Lem Tamu PhD (Gulmi) - Writer/Co-ordinator Editorial Board.

1) Dr. Ganesh Lem Tamu PhD (Syangja) - Writer KTM.

2) Dr. Yogendra Pachhyu Tamu PhD (Bhojpur) - Writer - TU KTM

3) Ms Tara Devi Paingilam Tamu PGDip, MA (Kaski) – Writer/English Translator KTM

4) Prof. Sher Bahadur Tohrje Tamu M.A (Parbat) – Writer - TU KTM

5) Mrs Anita Plhen-Lem Tamu M.A (Gulmi) – Writer Nepal

6) Mr Resham Pachhyu Tamu M.A (Gorkha) – Pres Tamu Hyula Chhoja Dhin Rastriya Parishad Nepal /Co-Writer.

7) Mr Humbdr Kone Tamu M.A, B.Ed, LLM (Parbat) – Pres. Tamu Dheen Nepal - Co-Writer

8) Mr Hitkaji Tu Klepri Tamu (Kaski) – Pres. Tamu Pye Lhu Sang Nepal - Co-Writer

9) Mr Hari Tut-Lem Tamu – Co-Director Tamu Forum-UK

10) Capt Devraj Ngopchhe Tamu – Co-Director Tamu Forum-UK

11) Dr. Chandrabahadur Lem Tamu PhD (Syangja) – Writer UK

12) Chogi. Dhir Bahadur Paingilam Tamu B.Ed (Lamjung) - Writer/ USA

13) Mr Amar Prasad Chaibarlem Tamu BEd (Kaski) – Writer UK

14) Mr Narayansing Kone Tamu B.A Hon (Kaski) - Writer UK

15) Prof. Delman Mhinghilam Tamu M.A (Taplejung) - Co-Writer Nepal

16) Mr Jitbahadur Tohrje Tamu M.A (Kaski) - Co-Writer/ UK

17) Mr Prem Lem Tamu (Dubo) M.A (Bhojpur) - Co-Writer/ UK

18) Mr Chandrabahadur (C.B) Kone Tamu B.A (Kaski) - Scholar PKR

19) Mr Kul Prasad Chaharla Tamu MA, B.Ed (Parbat) - Scholar KTM

20) Er. Yagya Prasad Lem Tamu - Scholar KTM

21) Mrs Sanmaya Chamru Tamu BSc – Scholar UK

22) Mrs Reeta Mhinghilam Tamu B.A (Khotang) – Scholar KTM

23) Capt Chandra Bahadur Kromchay Tamu (Sikles Kaski) - Scholar HK

24) Major Krishna Tamu (Parbat) - Scholar UK

25) Mr Manbahadur Kone Tamu (Gorkha) MSc, MBA, LLM - Scholar UK

26) Mr Mohan Pachyu Tamu M.A (Syangja) – Scholar /LO USA

27) Maj Lachhimi Prasad Kone Tamu MVO, BEM (Syangja) - Adv /LO PKR

28) Capt Narbahadur Parju Tamu MVO, BEM (Parbat) - Adv UK

29) Mr Danda Paingilam Tamu B.A Hon (Sindhuli) – Scholar/Media KTM

30) Mr Khim Ghale M.A (Lamjung) – Scholar/ Kantipur Media KTM

31) Mr Muchhetra Lem Tamu (Lamjung) - Adv Nepal

32) Major Udaibahadur Blhon Tamu MBE (Kaski) - Adv UK

33) Pachyu Paindi Chiba Mr Yarjung Kromchhe Tamu (Kaski) – Spiritual Leader

34) Lam Chiba Dr. Shir Paingilam Tamu (Kaski) – Spiritual Leader PKR

35) Klehpri Chiba Mr Danbdr Mhobje-Klehpri Tamu (Kaski) – Spiritual Leader PKR

36) Bon Lam Chiba Mr Gangabdr Paingilam Tamu (Kaski) – Spiritual Leader PKR

A committee made up of members of Tamu Writers and Tamu organisations Leaders will provide the guiding oversight to the Editorial Board. They are:

1) Pragya. Dr. Jagman Krhongi-Lam Tamu PhD - Patron/Writer/Chief Author

2) Prof. Narayan Lhenge Tamu, M.A (Tanhu) - Asst Patron/Writer/ Asst-Chief Author.

3) Captain Raju Lem Tamu (Kaski) - Project Director UK

4) Major Lalbdr Kone Tamu (Kaski) - Board of Council Chair, UK

5) Captain Dembdr Yoja Tamu (Syangja) - Asst Council Chair, UK

6) Mr Sumal Paingilam Tamu, MSc (Parbat) - Writer UK

7) Mr Ekendra Mhinghi-Lam Tamu, BEd, BA (Lamjung) - Writer UK

8) Mr Sombahadur Tohrje Tamu (Kaski) – Ex Pres TPLS UK - Adv

9) Mr Surya (Ramchandra) Krhongi-Lam Tamu (Kaski) – Ex Pres TDUK - Adv

10) Mr Hitkaji Tamu (Parbat) – President, Tamu Dheen UK - Adv

11) Mr Ranbdr Tu Khlepree Tamu (Lamjung)– Pres, Tamu Pye Lhu Sang UK Adv

12) Capt Suryaprakash Khrongilam Tamu (Kaski) - Exécutive Advisor

13) Capt Balkrishna Lem Tamu (Lamjung) – Exécutive Advisor

14) Barrister Mr Balkrishna Kone Tamu LLM (Kaski) UK – Forum Legal advisor (UK)

15) Mr Bhim Tamu LLM (Tehrathum) KTM – Forum Legal Advisor (Nepal).

Yours Faithfully,

*Captain Raju Lem Gurung*

***Director***

Gurung (Tamu) Culture Forum-UK - Project Millennium.